# बालअधिकार शिक्षा




CWS Child Welfare Scheme
ongd-fnel scouts & guides
SOVEREIGN
SovereignArtFoundation.com
Right 4 Children
WHERE HOPES & OPPORTUNITIES MEET

**प्रकाशक**:

राईट फर चिल्ड्रेन

चैत्र, २०७१

**प्रकाशन सहयोगी**:

सी.डब्लु.एस. हङकङ, ओएनजीडी-फेनेल लग्जम्वर्ग र सोभेरीन आर्ट फाउण्डेसन हङकङ

**संयोजन तथा सम्पादन**:

अनिल पौडेल

**सामग्री सङ्कलन**:

रमेश खड्का, विष्णु कुमार मल्ल, केशु भुजेल, दुर्गा राना मगर

**सहयोगी** :

दीपेन्द्र राई, कृति श्रेष्ठ, सुजित कुमार थापा

**सर्वाधिकार**:

प्रकाशकमा सुरक्षित

**आवरण**:

आराध्य प्रताप अधिकारी, शिशु निकेतन उच्च मा.वि.

**ले-आउट**:

क्रिस्टल डिजिटल आर्ट एण्ड क्राफ्ट, दरबार थोक, ०६१-५२३४५९

**मुद्रण** :

# बालअधिकार शिक्षा

## चित्र पुस्तिका



# प्राक्कथन

यो सुन्दर सामग्री तपाईहरू सबै-नेपालका बालबालिका, अभिभावक, नेपाल सरकार जसले अभिभावकसँग सम्पर्कविहीन भई कठिन जीवनयापन गरिरहेका थुप्रै बालबालिकाहरूको संरक्षकको भूमिका निर्वाह गरिरहेको छ, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरू जसले विभिन्न तरिकाले बालअधिकार संरक्षणको क्षेत्रमा ठूलो सहयोग पुऱ्याइरहेका छन् र आम समुदाय समक्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त उत्साहित भएका छौं ।

विभिन्न विद्यालयका बालक्लबहरूले राईट फर चिल्ड्रेनसँग सहकार्य गरी बालबालिका आफैले तयार पारेका चित्रहरू मार्फत् बालअधिकारसम्बन्धी विभिन्न सवालहरूको बारेमा ज्ञान तथा सूचना प्रदान गर्नको लागि यो पुस्तिका तयार पारेका हुन् । यो पुस्तिकाले दिन खोजेको सन्देश सबैले सजिलै बुझ्न र अरुलाई पनि बुझाउन सकिने खालको छ । यस पुस्तिकामा समाविष्ट सामग्रीहरूले बालबालिकाका अधिकारहरूको सचित्र व्याख्या गरेका छन् जसको हाम्रो देश तथा विश्वभर सम्मान र कार्यान्वयन हुनुपर्दछ । बालबालिका विरुद्धको शोषण, दुर्व्यवहार, बेचबिखन जस्ता गलत कार्यलाई हामीले तुरुन्त बन्द गर्नुपर्दछ ।

राईट फर चिल्ड्रेनको मुख्य दर्शन 'दिनुपर्छ' (Giveback) भन्ने हो जुन निकै सरल र स्पष्ट छ । बालबालिकाहरूले यो पुस्तकका माध्यमबाट राष्ट्र र समाजलाई केही दिइरहेका छन् । त्यसैले यसलाई मनन गरी यो पुस्तिकामा अन्तर्निहित ज्ञान र सन्देशलाई आफ्नो नजिक, वरपर रहेका अरूलाई पनि बाँडेर हामीले पनि केही दिन सक्छौं जसले गर्दा बालबालिकाको उचित संरक्षण र विकास भई उनीहरूको जीवन खुशी र शान्तिले भरिपूर्ण बनाउने कार्यमा महत्त्वपूर्ण योगदान हुनेछ ।

अन्त्यमा, यो महत्त्वपूर्ण पुस्तिका तयार पार्ने हाम्रो प्रयासलाई मूर्तरूप दिन हामीलाई सहयोग गर्नुहुने The Sovereign Art Foundation, CWS Hong Kong र ONGD-FNEL Luxembourg लाई मुरीमुरी धन्यवाद दिन चाहन्छौं । हामीलाई विश्वास छ की यस पुस्तिकाले धेरैभन्दा धेरै बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सार्थक भूमिका खेल्नेछ ।

धन्यवाद !

डगलस म्याकल्यागन/इन्सुबा म्याक्ल्यागन तामाङ
संस्थापक

# पुस्तिकाका सम्बन्धमा

'बालअधिकार शिक्षा' नामक यो चित्र पुस्तिका तयार पारी यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा राईट फर चिल्ड्रेन गर्वको महशुस गर्दछ । राईट फर चिल्ड्रेन जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत दर्ता भई समाज कल्याण परिषद् काठमाडौँसँग आबद्ध एक गैह्रसरकारी संस्था हो । सन् २०१३ को जनवरीमा स्थापित यो संस्था बालअधिकारको क्षेत्रमा क्रियाशिल छ । यस संस्थाले अवसरबाट बञ्चित बिपन्न वर्गका बाल–बालिका र किशोर–किशोरीको अधिकारलाई संरक्षण गर्ने र उनीहरूलाई उपयुक्त विकासको निम्ति अवसरहरू प्रदान गर्ने खालका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

यो चित्र पुस्तिका हामीले सञ्चालन गरेको बालअधिकारका लागि शिक्षा तथा पैरवी परियोजनाको एउटा महत्त्वपूर्ण उपलब्धि हो । उक्त परियोजना बालअधिकारको संरक्षण तथा बालअधिकारसम्बन्धी सचेतनाको अभिबृद्धि गर्ने उद्देश्यले सी.डब्लु.एस. हङकङ, ओएनजीडी-फेनेल लग्जम्वर्ग र सोभेरीन आर्ट फाउण्डेसन हङकङको साझेदारीमा राईट फर चिल्ड्रेनले सञ्चालन गरिरहेको छ । परियोजना अन्तर्गत हामीले कास्की जिल्लाका २० वटा सामुदायिक विद्यालय, ती विद्यालयका बाल क्लव र विद्यार्थीहरूसँग मिलेर विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छौं । यस परियोजनाका दुई महत्त्वपूर्ण अंशहरू छन्, जसमा एउटा 'मिलिजुली बौलौं' बाल रेडियो कार्यक्रम हो भने अर्को बालअधिकार सचेतनाका लागि 'चित्रकला' कार्यक्रम हो ।

'मिलिजुली बौलौं' रेडियो कार्यक्रमले बालबालिकाहरूको विचार, भावना, आवश्यकता र सवालहरूलाई उनीहरूकै आवाजमा रेडियोको माध्यमबाट सम्बन्धित ठाउँमा पुऱ्याई बालअधिकार तथा बाल संरक्षणको पक्षमा वकालत गर्ने उद्देश्य राख्दछ । यसको लागि परियोजनामा सहभागी २० विद्यालयका ४० जना बालबालिका र विद्यालय बाहिरका ५ जना बालबालिकालाई रेडियो, सञ्चार तथा पत्रकारितासम्बन्धी सामान्य तालिम प्रदान गरी रेडियो कार्यक्रम तयार पार्ने कार्यमा सहजीकरण गरिएको छ । यसरी तयार पारिएका कार्यक्रमहरू साप्ताहिक रूपमा पोखराका विभिन्न एफ.एम. रेडियोहरूबाट प्रशारण गर्ने गरिएको छ ।

चित्रकला कार्यक्रम अन्तर्गत सोही २० विद्यालयमा चित्रकलासम्बन्धी आधारभूत तालिम प्रदान गरी सो कलामा अभिरुचि राख्ने बालबालिकालाई बालअधिकारको अवधारणामा चित्रहरू निर्माण गर्न प्रोत्साहन गरिएको थियो । यसका साथै समय-समयमा विद्यालय स्तरीय र खुला बाल चित्रकला प्रतियोगिताहरू आयोजना गरी बालबालिकालाई आफ्नो सिर्जनात्मक कला अभिव्यक्त गर्ने अवसर प्रदान गरिएको थियो । प्रतियोगितामा सहभागी सबै बालबालिकाले बालअधिकारको विषयमा केन्द्रित रहेर चित्रहरू तयार पारेका थिए । चित्रकला कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष भनेको विभिन्न विद्यालयका पर्खाल र अन्य सार्वजनिक स्थानमा बालअधिकारसम्बन्धी सन्देश दिने भित्ते चित्र (म्युरल) निर्माण पनि हो ।

यस चित्र पुस्तिकामा तिनै बालबालिकाले तयार पारेका बालअधिकारका विभिन्न मुद्दाहरूसँग सुहाँउदा चित्रहरूलाई सङ्कलन र छनौट गरी प्रस्तुत गरिएको छ । यसका साथै 'मिलिजुली बोलौं' बाल रेडियो कार्यक्रमका प्रथम २० भागहरूलाई समेटेर तयार पारिएको सी.डी. पनि पुस्तिकमा समावेश गरिएको छ ।

यस पुस्तिकालाई बालबालिका र बालअधिकारको बारेमा जान्न-बुझ्न चाहने जो कोहीले पनि स्व-अध्ययन सामग्रीको रूपमा प्रयोग गर्न सक्नुहुन्छ । साथै यसलाई विद्यालय तहको सामाजिक शिक्षा विषयको पाठ्यक्रम अन्तर्गत बाल अधिकार शीर्षकमा पठन-पाठनको लागि शिक्षक तथा विद्यार्थीहरूले शिक्षण-सिकाई सामग्रीका रूपमा पनि उपयोग गर्न सक्नुहुन्छ । यसका अलावा बालबालिकाको क्षेत्रमा कार्यरत अन्य सङ्घ-संस्था तथा सङ्गठनहरूले बालअधिकार तथा बाल संरक्षणको बिषयमा तालिम प्रदान गर्दा सहयोगी सामग्रीको रूपमा समेत यस पुस्तकलाई प्रयोगमा ल्याउन सक्नुहुन्छ ।

हामीलाई विश्वास छ की यो पुस्तिकाले नेपालमा बालअधिकारको संरक्षण तथा बालअधिकारसम्बन्धी सचेतना अभिबृद्धि गर्ने कार्यमा एउटा महत्त्वपूर्ण स्रोतको रूपमा योगदान पुऱ्याउनेछ । पुस्तिकामा भएका कमी-कमजोरीहरूलाई औंल्याई दिएर या पुस्तकका सम्बन्धमा कुनै सुझाव भए हामीलाई थाहा दिएर सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा पनि गरेका छौं ।

अन्त्यमा, यस चित्र पुस्तिकाका लागि चित्रहरू बनाई हामीलाई सहयोग गर्ने सम्पूर्ण बालबालिका, उनीहरूले प्रतिनिधित्व गर्ने सम्बन्धित विद्यालयहरू, पुस्तिका निर्माण तथा प्रकाशन गर्ने कार्यमा महत्त्वपूर्ण सहयोग गर्ने दातृ संस्थाहरू र पुस्तिका तयार पार्ने कार्यमा संलग्न राईट फर चिल्ड्रेनका सम्पूर्ण कर्मचारी साथीहरू लगायत यस कार्यमा हामीलाई महत्त्वपूर्ण सुझाव दिई सहयोग गर्ने संस्थापक तथा कार्य-समितिका सदस्यहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

अनिल पौडेल<br>
प्रमुख कार्यकारी अधिकृत<br>
राईट फर चिल्ड्रेन

# बालबालिका र बालअधिकार :

## बालबालिका को हुन् ?

बालबालिका भन्नाले सामान्यतया माया, ममता, स्नेह, रेखदेख र स्याहारसम्भारको आवश्यकता पर्ने कलिलो उमेरका मानिस भनेर बुझिन्छ । बालबालिका स्वभावत: अबोध र व्यवहारत: अपरिपक्व हुन्छन् । तर बालबालिकालाई कानूनी रूपमा परिभाषित गर्नु पर्दा उमेरलाई आधार मान्ने गरिन्छ । संयुक्त राष्ट्रसंघको महासभाद्वारा सन् १९८९ नोभेम्बर २० मा पारित गरेको 'बालअधिकारसम्बन्धी महासन्धि'का अनुसार १८ वर्षभन्दा मुनिका सम्पूर्ण मानवलाई बालबालिका भनिन्छ । नेपालको बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१ ले १६ बर्ष मुनिका मानवलाई बालबालिका भनेर परिभाषित गरेको छ ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ । देशको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाले ओगटेका छन् । कुल जनसङ्ख्यामा बालबालिकाको वास्तविक सङ्ख्या तथा प्रतिशत निकाल्नका लागि बालबालिकाको परिभाषामा एकरूपता नहुनु समस्याको विषय हो । यदि, १८ बर्षभन्दा मुनिको जनसङ्ख्यालाई बालबालिका मान्ने हो भने बालबालिकाको सङ्ख्या १,१९,८४,३११ छ, जुन कुल जनसङ्ख्याको लगभग ४२ प्रतिशत हुन आउँछ । नेपालमा बालिकाको अनुपातमा बालकको सङ्ख्या थोरैले बढी रहेको छ, जसमा ५०.७५% बालक रहेका छन् भने ४९.२५% बालिका रहेका छन् । त्यस्तै, शहरको तुलनामा गाउँमा बस्ने बालबालिकाको सङ्ख्या अत्याधिक मात्रामा बढी छ ।

## बालअधिकार किन ?

बालबालिका संरक्षणको आवश्यकता पर्ने एक विशेष समूह हो । बालबालिका शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुने हुँदा उनीहरूलाई विशेष स्याहार तथा हेरचाहको आवश्यकता पर्दछ । उनीहरू विभिन्न किसिमका दुर्व्यवहार, शोषण, असुरक्षा, अवहेलना, तिरस्कार, उत्पीडन जस्ता कुराको उच्च जोखिममा हुने भएकाले यस्ता कुराबाट संरक्षण गरिनु पर्दछ । त्यसैगरी, बाँच्नका लागि चाहिने आधारभूत आवश्यकता परिपूर्ति गरिदिनु, उनीहरूको समुचित विकासका लागि शान्ति र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा सुनिश्चित गरिदिनु, स्वास्थ्य, खेल, मनोरञ्जन आदिको व्यवस्था गरिदिनु वयस्कहरूको जिम्मेवारी हो । यसर्थ, बालबालिकाको सर्वोपरि हित, उचित बृद्धि विकास र संरक्षण सुनिश्चित गर्न बालबालिकालाई विशेष अधिकारहरूको आवश्यकता पर्दछ, जसलाई बालअधिकार भनिन्छ ।

## बालअधिकारको ऐतिहासिक पृष्ठभूमी:

बालअधिकारको ऐतिहासिक विकासक्रमको कुरा गर्दा प्रथम विश्वयुद्धमा बालबालिकाको बिचल्ली भएको देख्न नसकी बालबचाउ नामक संस्थाकी संस्थापिका एग्लनटाइन जेव (Eglantyne Jebb) ले सन् १९२३ मा पहिलो पटक बालबालिकाका लागि छुट्टै अधिकार चाहिन्छ भनेर आवाज उठाएकी थिईन् । उनले बालबालिकाका लागि केही विशिष्ट अधिकारहरूको माग गर्दै तिनलाई विश्वभरी सबैबाट मान्यता प्रदान गराउनका लागि प्रयास गरेकी थिईन् । उनको प्रयासले सन् १९८९ मा अन्तर्राष्ट्रिय 'बालअधिकारसम्बन्धी महासन्धी' नामबाट जीवन्तता पायो । अहिले विश्वभर नेपाल लगायत १९३ देशले यस महासन्धीलाई अनुमोदन गरिसकेका छन् ।

## बालअधिकार महासन्धी र बालअधिकारको व्यवस्था:

बालअधिकार महासन्धी १९८९ को स्वरूपको बारेमा कुरा गर्नुपर्दा उक्त महासन्धिमा जम्मा ५४ वटा धाराहरू छन् जसलाई चार भागमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| धारा १-४० | : | बालअधिकारको व्यवस्था, |
| धारा ४१ | : | राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनले बढी अधिकार दिएको भए सोही लागु हुने व्यवस्था, |
| धारा ४२ | : | बालअधिकार महासन्धिको राज्यले प्रचारप्रसार गर्नु पर्ने दायित्वका बारेमा व्यवस्था र |
| धारा ४३-५४ | : | महासन्धिको कार्यान्वयन तथा तत्सम्बन्धी प्रतिवेदन, मूल्याङ्कन, अनुगमन आदिको व्यवस्था । |

### महासन्धिका प्रमुख सिद्धान्तहरू:

बालअधिकारसम्बन्धी महासन्धिमा चार आधारभूत सिद्धान्तहरू रहेका छन् । अत: बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरू यी आधारभूत सिद्धान्त विपरित हुनुहुँदैन । समाजमा भए गरेका कार्यहरू बालअधिकारको पक्षमा छन् की छैनन् भन्ने कुरा जाँच्नका निम्ति मापदण्डका रूपमा पनि यी आधारभूत सिद्धान्तलाई लिन सकिन्छ ।

**(१) भेदभाव रहित (धारा २):** सबै बालबालिकालाई विना भेदभाव, विना पक्षपात सम्पूर्ण अधिकारहरू उपलब्ध गराउनुपर्दछ । कुनै पनि बालबालिकालाई उसको वा उसका अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, जन्म, राजनीतिक विचार, राष्ट्रियता, सामाजिक उत्पत्ति, सम्पत्ति, क्षमता वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नु पर्दछ ।

**(२) उच्चतम हित (धारा ३) :** बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरू, अदालत, प्रशासनिक निकाय, विधायिका लगायत सबैले बालबालिकासँग सम्बन्धित काम वा निर्णय गर्दा बालबालिकाको हितलाई प्राथमिकता दिनुपर्दछ ।

**(३) दीर्घ जीवन र विकास (धारा ६) :** बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । उचित स्याहारसुसार, शिक्षा, खेल, मनोरञ्जन जस्ता कुराहरू पाउनु बालबालिकाको नैसर्गिक अधिकार हुन् । त्यसैले, बालबालिकाको दीर्घजीवन र विकासका निम्ति राज्यले यथासम्भव बढीभन्दा बढी प्रयास गर्नुपर्दछ ।

**(४) विचार र भावनाको कदर (धारा १२):** बालबालिकासँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्दछ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वता अनुसार त्यसलाई उचित मान्यता पनि दिनुपर्दछ । बालबालिकालाई पनि समाजको एक अभिन्न अङ्ग मानी समाज विकासका विभिन्न चरणहरूमा बालबालिकासँग सम्बन्धित विषयहरूमा उनीहरूलाई सहभागी गराइनु पर्दछ ।

### बालअधिकारका चार समूह (चार बाकस) :

बालअधिकारसम्बन्धी महासन्धीमा उल्लिखित विभिन्न बालअधिकारहरूलाई अध्ययनको सजिलोको निम्ति चार समूहमा विभाजन गरिएको छ, जसलाई बालअधिकारका चार बाकस (बाँसंविस) पनि भनिन्छ ।

**(१) बालबालिकाको बाँच्न पाउने अधिकार :** बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार लगायत बालबालिकाको सुरक्षित रूपमा जन्म हुनु, जन्मेपछि पौष्टिक आहार, सुरक्षित आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराहरूको उचित व्यवस्था गर्नुपर्ने कुरा यस अन्तर्गत पर्दछन् ।

**(२) बालबालिकाको संरक्षणको अधिकार :** भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवम् हानिकारक काम तथा युद्धमा संलग्न हुनु पर्ने स्थिति, ओसारपसार तथा बेचविखन र बाबुआमाबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनु प्रत्येक बालबालिकाको अधिकार हो । अपाङ्ग तथा अनाथ बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्ने लगायत सम्पूर्ण बालबालिकालाई कानूनी संरक्षण प्रदान गर्ने कुरा संरक्षणको अधिकारभित्र पर्दछन् ।

**(३) बालबालिकाको विकासको अधिकार :** स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, खेल, मनोरञ्जन र आराम पाउने, बाबुआमाको समान माया ममता पाउने, उचित स्वास्थ्योपचार लगायतका बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका लागि आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्त गर्ने कुरा यस अन्तर्गत पर्दछन् ।

**(४) बालबालिकाको सहभागिताको अधिकार :** बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्माण वा निर्णय गर्दा उनीहरूको कुराको सुनुवाई हुनुपर्ने, विचार भावनाको कदर गरिनु पर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र बिना भेदभाव सहभागी हुन पाउने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न पाउने लगायतका अधिकारहरू यसमा पर्दछन् ।



# पुस्तिका भित्र

यस चित्र पुस्तिकामा बालबालिकासँग सम्बन्धित निम्न विषय वस्तुहरूलाई समेट्ने प्रयास गरिएको छ ।


१. स्वस्थ जीवन

२. वृद्धि र विकास

३. बाल सहभागिता

४. बाल संरक्षण

५. अन्य चित्रहरू

६. रेडियो कार्यक्रम मिलिजुली बोलौं

## खण्ड - १

# स्वस्थ जीवन


प्रत्येक बालक स्वस्थ रूपमा जन्मन र हुर्कन पाउनु उसको अधिकार हो । स्वस्थ रहनु उचित बृद्धि विकासको एउटा आधारभूत पक्ष हो । बाल स्वास्थ्यलाई कुनै पनि देशको सामाजिक र आर्थिक स्तर मापन गर्ने एक महत्त्वपूर्ण सूचकको रूपमा लिइन्छ । त्यसैले, धेरै देशले बाल स्वास्थ्यको अवस्थामा सुधार ल्याउन नि:शुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै मातृ स्वास्थ्य तथा सुत्केरी स्याहार, खोप, पोषण, सरसफाई जस्ता कुराहरूमा ध्यान दिएको पाइन्छ । यस चित्र पुस्तिकामा 'स्वस्थ जीवन' अन्तर्गत निम्न लिखित विषयहरूलाई चित्र मार्फत् स्पष्ट पार्ने प्रयास गरिएको छ ।

- स्वास्थ्य स्याहार तथा खोप
- पौष्टिक आहार
- आवास
- अभिभावकीय हेरचाह
- पिउने पानी तथा सरसफाई
- स्वच्छ वातावरण

**खोप लगाऔं, रोग भगाऔं बनौं हामी निरोगी ।**
**उपयुक्त स्वास्थ्य स्याहार दीर्घजीवनका लागि ।।**




जीवन तामाङ, विन्ध्यवासिनी उच्च मा.वि.




सागर सुनार, जनप्रिय उच्च मा.वि.

नेपालमा प्रतिहजार जीवित जन्ममा २३ जना बालबालिकाको जन्मेको एक महिना नपुग्दै मृत्यु हुने गरेको छ ।
त्यसैगरी, प्रतिहजार जीवित जन्ममा ३३ जना बालबालिकाको एक बर्ष नपुग्दै मृत्यु हुन्छ । स्रोत: नेपाल MICS-2014




विकल सिग्देल, शिशु निकेतन उच्च मा.वि.



निशा पहारी, टप्स उच्च मा.वि.

नेपालमा करिब १५ प्रतिशत बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छैनन् । स्रोत: नेपाल MICS-2014


सन्तुलित र पौष्टिक भोजन ।
यसले बन्छ स्वस्थ जीवन ।।



अनुप कँडेल, जनप्रिय उच्च मा.वि.


नेपालमा धेरैजसो बालबालिका कुपोषणको शिकार हुने गरेका छन् ।

पाउनु पर्छ हामीले पोषणयुक्त आहार ।
बन्नु हुन्न कोही पनि कुपोषणको शिकार ।।




गोविन्द थापा

नेपालमा पाँच (५) बर्ष मुनिका करिब ४१ प्रतिशत बालबालिकामा होचोपनको समस्या छ ।
त्यसैगरी ११ प्रतिशत बालबालिकामा लुलोपन र २९ प्रतिशतमा कम तौलको समस्या छ । स्रोत: NDHS, 2011




मुनदिप राई

नेपालमा १८ बर्ष मुनिका करिब १५ प्रतिशत बालबालिका आफ्नै अभिभावकसँग बस्न पाएका छैनन् । स्रोत: NDHS, 2011





विजय कुमाल, श्रीकृष्ण मा.वि.

नेपालमा १५ हजारभन्दा बढी बालबालिका बालगृहमा बस्दछन् । स्रोत: केन्द्रीय बालकल्याण समिति २०७०
त्यस्तै, अन्य कयौं बालबालिका (सडकमा आश्रित, विस्थापित परिवार आदि) लाई बसोबासको राम्रो सुविधा उपलब्ध छैन ।




आयूश बाटाजू, स्टेप वाई स्टेप उच्च मा.वि.


नेपालमा १८ बर्ष मुनिका करिब ६ प्रतिशत बालबालिका अभिभावकविहीन (एक वा दुवै अभिभावक नभएको) छन् । स्रोत: NDHS, 2011




दिवश गुरुङ, शान्ति निकुञ्ज उच्च मा.वि.

नेपालमा कतिपय बालबालिका अभिभावक भएर पनि सँगै बस्न पाएका छैनन्, जसले गर्दा उनीहरू अभिभावकीय माया र हेरचाहबाट वञ्चित छन् ।


**शुद्ध पिउने पानी, स्वच्छ वातावरण ।**
**गरौं फोहोरमैलाको उचित व्यवस्थापन ।।**



**गोविन्द थापा**

नेपालमा करिब ७ प्रतिशत घरधुरीमा सुधारिएको पिउने पानीको स्रोतमा पहूँच छैन, जसले गर्दा ती परिवारका बालबालिका शुद्ध पिउने पानीबाट बञ्चित छन् । स्रोतः नेपाल MICS-2014

सबै मिलि सफा राखौं गाउँ, टोल, शहर ।
हाँस्दै, खेल्दै अघि बढ्ने हाम्रो रहर ।।




प्रदिप बि.क., राम नि.मा.वि.

नेपालमा अझै पनि आधाभन्दा बढी बालबालिका शौचालयको अभावमा खुल्ला क्षेत्रमा दिशापिसाब गर्न बाध्य छन् । स्रोत: राष्ट्रिय योजना आयोग, २०१०

## खण्ड - २
# बृद्धि र विकास

हरेक समाजमा बालबालिकालाई भविष्यको कर्णधारको रूपमा हेर्ने गरिन्छ । त्यसैले, बालबालिकाको समग्र बृद्धि विकासले कुनै पनि देशको नीति तथा कार्यक्रममा उच्च प्राथमिकता पाउने गर्दछ । बालबालिकालाई भविष्यमा राष्ट्र निर्माणको लागि आवश्यक पर्ने दक्ष जनशक्तिका साथै असल र सभ्य नागरिक बनाउनको निम्ति वर्तमानमा बालबालिकाको बृद्धि विकासमा यथोचित ध्यान दिनु आवश्यक छ । यस खण्ड अन्तर्गतका चित्रहरूले बालबालिकाको बृद्धि र विकासका निम्न लिखित पक्षहरूलाई समेट्ने प्रयास गरेका छन् ।


- सूचना
- शिक्षा
- खेलकूद तथा मनोरञ्जन
- आराम
- उचित वातावरण




प्रयाग जोशी, शिशु निकेतन उच्च मा.वि.

नेपालमा सूचना तथा सञ्चार माध्यमको रूपमा ५१ प्रतिशत घरधुरीमा रेडियोको सुविधा छ । स्रोत: नेपाल MICS-2014


थाहा पाउनु पर्छ हामीले देश विदेशका कुरा ।
सूचनाको हक हाम्रो गरिदेऊ पूरा ।।




शारदा कुँवर, कालिका उच्च मा.वि.

क्षितिज राना मगर, जानकी नि.मा.वि.


नेपालमा टि.भी. हुने घरधुरी ३६ प्रतिशत, कम्प्युटर हुने ७ प्रतिशत, इन्टरनेट हुने ३ प्रतिशत, टेलिफोन हुने ७ प्रतिशत र मोबाईल फोन हुने ६४ प्रतिशत छन् । स्रोत: नेपाल MICS-2014




अमृत दर्लामी, कालिका उच्च मा.वि.



सुजन गुरुङ, स्टेप वाई स्टेप उच्च मा.वि.





ज्योति राना मगर, पार्दी उच्च मा.वि.

शिक्षा विभागको सन् २०११ को तथ्याङ्क अनुसार नेपालको विद्यालय भर्नादर प्राथमिक तहमा ९५.१ प्रतिशत, निम्न माध्यमिक तहमा ७० प्रतिशत र माध्यमिक तहमा ५२.१ प्रतिशत रहेको छ ।




निभा जैसवाल, धर्मस्थली नि.मा.वि.

**शिक्षाबाट हुनुहुन्न कोही पनि बञ्चित ।**
**विद्यालय गई भविष्य बनाऔं सुनिश्चित ।।**



विनिता गुरुङ, धर्मस्थली नि.मा.वि.

नेपालमा पछिल्ला बर्षहरूमा प्राथमिक तहको भर्नादर निकै सुधार भएको भनिए तापनि बालबालिकाले विभिन्न कारणले विद्यालय छाड्ने अवस्थामा भने खासै सुधार भएको पाइँदैन ।




कृष्टिना तामाङ, विन्ध्यवासिनी उच्च मा.वि.

बालबालिकाको सन्तुलित विकासको निम्ति पौष्टिक आहारको साथसाथै खेलकूद र मनोरञ्जन पनि अपरिहार्य मानिन्छ ।

**रमाउँछौं हामी छुट्टै खेल्ने ठाउँ भए ।**
**प्रभावकारी हुन्छ सिकाई, खेल्दै सिक्न पाए ।।**



**सफल गुरुङ, नवीन उच्च मा.वि.**





**सुसन गुरुङ, बालोदय उच्च मा.वि.**

खेलकूद केवल रमाइलो र मनोरञ्जनको लागि मात्र नभई बालबालिकाको सिकाई तथा बृद्धि विकासको लागि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।





सनम राई, नवप्रभात मा.वि.

बालबालिकाको सर्वपक्षीय विकास र सर्वोत्तम हितको लागि उपयुक्त वातावरण आवश्यक पर्दछ ।




सुजता तिवारी, बालमन्दिर उच्च मा.वि.


बालबालिकाको सुनिश्चित भविष्यको लागि उनीहरूको उमेर, रुचि, क्षमता सुहाउँदो भौतिक तथा सामाजिक वातावरण आवश्यक हुन्छ ।



दिप्सना तामाङ, विन्ध्यवासिनी उच्च मा.वि.




सुनिल पुन मगर, कालिका उच्च मा.वि.



सुरज पाण्डे, बालोदय उच्च मा.वि.

बालबालिकाको समुचित विकासका लागि उपयुक्त वातावरणले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## खण्ड - ३

# बाल सहभागिता


बाल सहभागिता बालअधिकारको एउटा महत्त्वपूर्ण पाटो हो । बालबालिकासँग सरोकार राख्ने कुनैपनि विषयमा उनीहरूको विचार र भावनालाई मान्यता दिनुका साथसाथै बालबालिकाको उमेर र क्षमता अनुसार निर्णय प्रक्रियामा संलग्न गराउनु बाल सहभागिता हो । बालबालिकालाई कुनै पनि कार्यक्रम तथा योजनाको निस्कृय लाभान्वित समूहको रूपमा मात्र नहेरी त्यस्ता कार्यक्रम तथा योजनाको निर्माण र कार्यान्वयनमा उनीहरूको विचारलाई सम्बोधन गर्नुका साथै क्षमता अनुसार सक्रिय सहभागी हुने अवसर प्रदान गर्नु बालविकासको महत्त्वपूर्ण प्रक्रिया पनि हो । यस खण्ड अन्तर्गतका चित्रहरूले बाल सहभागिताका निम्न लिखित पक्षहरूलाई प्रकाश पार्ने प्रयास गरेका छन् ।

- अभिव्यक्ति र अभिव्यक्तिको सुनुवाई
- छनौटको स्वतन्त्रता
- निर्णय प्रक्रियामा सहभागिता
- समूह तथा संगठन निर्माण



**हामीले पनि आफ्ना कुरा बोल्न पाउनुपर्छ ।**
**हाम्रो विचार भावनाको कदर हुनुपर्छ ।।**

शिव नेपाली, जानकी नि.मा.वि.




विशाल पर्टेल, द एभरेष्ट टाईगर

हरेक बालबालिकालाई उनीहरूको विचार र भावना अभिव्यक्त गर्ने अवसर प्रदान गर्नुपर्दछ ।





मेनुका गुरुङ, टप्स उच्च मा.वि.

नेपालमा बाल क्लब गठन गरी बालबालिकालाई सङ्गठित गर्ने र विभिन्न गतिविधिमा सहभागी गराउने गरिएको छ । केन्द्रीय बालकल्याण समिति २०७० को तथ्याङ्क अनुसार नेपालमा १७,८६४ बालक्लब क्रियाशिल छन् ।




स्वर्णीम मण्डल, शिशु निकेतन उच्च मा.वि.

बालबालिकालाई अभिव्यक्तिको अवसर दिँदा उनीहरूको इच्छा, आवश्यकता, रुचि आदिको बारेमा थाहा पाउन सकिन्छ, जसले गर्दा उनीहरूको हित र विकासका निम्ति उचित किसिमले सहयोग गर्न सकिन्छ ।




यमुना गुरुङ, स्टार चिल्ड्रेन, कास्की

बालबालिकालाई उनीहरूको रुचि र क्षमता अनुसार विकासको अवसर प्रदान गरिनु पर्दछ ।




विशाल बि.क., धर्मस्थली नि.मा.वि.

नेपालमा निर्णय प्रक्रियाका विभिन्न संरचना (जिल्ला बालकल्याण समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला परिषद्, गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन समिति) मा गरी ३,५३९ जना बालबालिकाले सहभागी हुने अवसर पाएका छन् । स्रोत: केन्द्रीय बालकल्याण समिति, २०७०




बिकल्प के.सी., बालोदय उच्च मा.वि.

नेपालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत हालसम्म ४२ जिल्लाका २२ नगरपालिका र ३०२ गाउँ विकास समितिले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याएका छन् । स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७०


खण्ड - ४

# बाल संरक्षण

हानी, नोक्सानी र जोखिमबाट सुरक्षा पाउनु सबै बालबालिकाको अधिकार हो भने सम्भावित हानी वा जोखिमबाट सुरक्षा प्रदान गर्नु अभिभावक, सुमदाय र राष्ट्रको दायित्व हो । शारीरिक, मानसिक, भावनात्मक लगायत कुनै पनि किसिमको हानीले बालबालिकाको बृद्धि विकासमा नकारात्मक प्रभाव पार्ने भएकाले त्यस्ता कुराहरूबाट हरेक बालबालिकालाई पूर्ण सुरक्षाको अनुभूती गराउनु जरुरी हुन्छ । यसको लागि सुरक्षित वातावरणको निर्माण गर्नु पर्दछ । नेपालको सन्दर्भमा बाल संरक्षणका प्रमुख मुद्दाहरू यस प्रकार छन् :

- दुर्व्यवहार
- भेदभाव
- शोषण
- परिचय
- हिंसा, द्वन्द्व र अपराधिक क्रियाकलाप
- सडक बालबालिका
- बालश्रम
- दण्ड सजाय
- विशेष आवश्यकता
- न्यायमा पहूँच

**कसैबाट पनि नहोस् बालदुर्व्यवहार ।**
**असल मार्गदर्शनले सिकाउँछ असल व्यवहार ।।**



आकाश थापा, स्टार चिल्ड्रेन, कास्की

दुर्व्यवहारले बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक विकासमा प्रत्यक्ष प्रभाव पार्दछ ।



उमेर सानो काम ठूलो हुन्न यस्तो राम्रो ।
दुर्व्यवहारले हुन दिन्न बृद्धि विकास हाम्रो ।।

यूनिक रावल, शान्ता उच्च मा.वि.





विनिता अधिकारी, शान्ता उच्च मा.वि.

दुर्व्यवहारबाट पीडित बालबालिकामा उमेर अनुसार बृद्धि विकास नहुनु, मनमा डर, भय रहिरहनु, आत्म विश्वास तथा आत्म सम्मानमा कमी हुनु र अरुप्रति विश्वास कम हुनु र कुनै पनि परिस्थितिसँग सजिलै घुलमिल हुन नसक्नु जस्ता नकारात्मक असर पुग्न सक्छ ।




पुनम गुरुङ, बालोदय उच्च मा.वि.

नेपालको सन्दर्भमा लिङ्ग, जाति, क्षेत्र, भाषा, धर्म, सम्पत्ति, शक्ति, क्षमता आदिका आधारमा भेदभाव कायमै छ ।




कुसुम के.सी., ग्लोवल कलेजियट उच्च मा.वि.


विभिन्न खालका भेदभावले बालबालिकामा नकारात्मक असर पर्न गई उनीहरूको मनोविज्ञानमा समेत अवरोध सिर्जना गर्दछ ।

**बालशोषण गर्न हुन्न बन्द गरौं यसलाई ।**
**भविष्य उज्ज्वल बनाउन सघाउनुहोस् हामीलाई ।।**





**मनिष ज्ञवाली, शिशु निकेतन उच्च मा.वि.**

नेपालमा बालश्रम शोषण र बालयौन शोषण बालसंरक्षणका प्रमुख मुद्दाहरू मध्ये पर्दछन् ।




रवि मानन्धर, नव प्रभात मा.वि.

**दमन, शोषण बन्द गर हामी माथिको ।**
**बाल सुरक्षा राम्रो भए बढ्छ शान देशको ।।**




तीर्थकुमारी गुरुङ, भद्रकाली उच्च मा.वि.

शोषणमा पर्नाले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा हितमा हानी पुग्ने भएकाले बालबालिकालाई कुनै पनि किसिमको शोषणबाट जोगाउनु पर्दछ ।



सुवन्त पौडेल, अमरसिंह उच्च मा.वि.


**हाम्रो पहिलो परिचय नाम र जन्मदर्ता ।**
**उमेर पुग्दा हामीले पाउनुपर्छ नागरिकता ।।**



राजकुमार खड्का, अमरसिंह उच्च मा.वि.


कुनै पनि व्यक्तिको परिचय उसको चिनारी, आत्म-सम्मान तथा गौरव हो । परिचय आफैमा एउटा अधिकार मात्र नभएर अन्य कतिपय अधिकार तथा सेवा सुविधाहरू प्राप्त गर्ने महत्त्वपूर्ण आधार हो ।

नेपालमा ५ बर्ष मुनिका करिब ४२ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छैन (नेपाल MICS, 2014) । जन्मदर्ताको अभावमा बालबालिकाले विद्यालय भर्ना हुन र उमेर पुगेपछि नागरिकताको प्रमाण-पत्र प्राप्त गर्न कठिन हुन्छ ।




लोकेन्द्र गुरुङ., भद्रकाली उच्च मा.वि.

नेपालमा दश बर्षे सशस्त्र द्वन्द्वको अवसरमा करिब ५ सय जना बालबालिकाको मृत्यु हुनुका साथै हजारौं बालबालिका द्वन्द्वबाट प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।




समिक्षा अधिकारी, बालोदय उच्च मा.वि.

नेपालमा सडकमा आश्रित बालबालिका करिब पाँच (५) हजारको हाराहारीमा भएको अनुमान गरिएको छ ।

हेला, घृणा नगर्नुहोस् हामी कसैलाई ।
दया होइन बरू अवसर दिनुहोस् हामीलाई ।।



सीमा के.सी., स्टार चिल्ड्रेन, कास्की


घरेलु हिंसा, पारिवारिक झै-झगडा, बाबुआमा बीचको सम्बन्ध बिग्रनु, अभिभावकबाट दुर्व्यवहारमा पर्नु र साथीभाइको लहैलहैमा लाग्नु जस्ता कारणले बालबालिकाहरू सडकमा आउने गरेको पाइन्छ ।

लेख्ने, पढ्ने उमेर हाम्रो नलगाउनु श्रममा ।
बन्देज गरिएको छ बालश्रमलाई ऐन र कानूनमा ।।




अनुसुया बराल, शिशु निकेतन उच्च मा.वि.

नेपालमा १८ बर्ष मुनिका करिब ३८ प्रतिशत बालबालिका श्रममा संलग्न छन् । स्रोत: ILO & CBS 2012




राजेश थापा, अमरसिंह उच्च मा.वि.

नेपालमा बालश्रममा सङ्लग्न बालबालिका मध्ये ३९ प्रतिशत बालबालिका जोखिमपूर्ण काममा सङ्लग्न छन् । स्रोत: ILO & CBS, 2012

पढ्ने, लेख्ने हाम्रो पनि कति रहर ।
उमेर पुगी काम गर्ने धेरै जाँगर ।।




विशाल गुरुङ, स्टार चिल्ड्रेन, कास्की




लक्ष्मी पुन मगर, शान्त उच्च मा.वि.


नेपालमा बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले १४ बर्ष मुनिका बालबालिकालाई श्रममा लगाउन निषेध गरेको छ ।

अबोध हामी बालबालिका हुनसक्छ गल्ती ।
दण्ड होइन मायाप्रेमले सम्झाउनु जाति ।।



राजु गुरुङ, शान्त उच्च मा.वि.

अनुशासनका नाममा वा अन्य बहानामा बालबालिकालाई शारीरिक दण्ड सजाय दिने प्रचलन नेपाल लगायत कतिपय देशहरूमा अझै पनि व्याप्त छ ।




प्रयाश गुरुङ, शान्त उच्च मा.वि.

शारीरिक दण्ड सजायले गर्दा बालबालिकाको उचित बृद्धिविकासमा नकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अध्ययनहरूले औंल्याएका छन् ।

**हामी सबै बालबालिका तर फरक-फरक क्षमता ।**
**क्षमता अनुसार हुनुपर्छ विशेष सुविधाको व्यवस्था ।।**




सागर तिलिजा, कालिका उच्च मा.वि.



सरिता तामाङ, विन्ध्यवासिनी उच्च मा.वि.

विश्व स्वास्थ्य सङ्गठनले तयार पारेको अपाङ्गतासम्बन्धी विश्व प्रतिवेदन-२०११ अनुसार विश्वभर कुनै न कुनै किसिमको अपाङ्गता हुने मानिसहरू १५ प्रतिशत छन् । केन्द्रीय बालकल्याण समितिका अनुसार नेपालमा अपाङ्गता परिचय-पत्र लिने बालबालिका १०,२५७ जना रहेका छन् ।




**न्याय पाउने अधिकारलाई सुनिश्चित गर ।**
**कानूनलाई किताबमा मात्र सीमित नगर ।।**

संकल्प ढकाल, बालमन्दिर उच्च मा.वि.


नेपालमा बालबालिका ऐन-२०४८, बालन्याय कार्यविधि नियमावली-२०६३ ले बाल न्यायसम्बन्धी विशेष कानूनी व्यवस्था गरेको भएपनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा बालबालिकाको न्यायमा सहज पहूँच हुन सकेको छैन ।




सुमित्रा बि.क., नमस्ते चिल्ड्रेन हाउस

बालबालिका शान्ति क्षेत्र हुन् । त्यसैले उनीहरू शान्त र सुरक्षित वातावरणमा हुर्कन पाउनु पर्दछ ।


**सबैले जानी राखौं है बालबालिका शान्ति क्षेत्र ।**
**यसलाई पूरा गर्नुपर्ने राज्यको हो दायित्व ।।**




निशा बि.क., नवीन उच्च मा.वि.

कुनै पनि किसिमको हिंसात्मक तथा जोखिमपूर्ण गतिविधिले बालबालिकालाई शारीरिक तथा मानसिक रूपमा नकारात्मक असर पुऱ्याउने भएकाले त्यस्ता गतिविधिबाट बालबालिकालाई पूर्ण सुरक्षा प्रदान गर्नुपर्दछ, जुन उनीहरूको अधिकार हो ।

## खण्ड - ५
# अन्य चित्रहरु




मन्जु सुनार, ग्लोवल कलेजियट उच्च मा.वि.



जीवन नेपाली, नमस्ते चिल्ड्रेन हाउस




जेनिशा पौडेल, छोरेपाटन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २** : हाम्रा बाबाआमा/अभिभावकको जात, भाषा, धर्म, लिङ्ग, अपाङ्गता र विचारजस्ता कुराहरूका कारण हामीलाई भेदभाव गरिनु हुँदैन ।



जेशिका गुरुङ, नव प्रभात मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३** : सरकारी वा अन्य कुनै पनि सङ्घ संस्थाले हामीसँग सम्बन्धित काम कुरा गर्दा हाम्रो सर्वोत्तम हितलाई ध्यान दिनुपर्छ ।




नविना गुरुङ, शान्त उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ४** : हाम्रो अधिकारको संरक्षण गर्नु र उपयुक्त उपायहरू अपनाई अधिकारको प्रत्याभूत गर्नु राज्यको दायित्व हो ।




बिक्रम परियार, भद्रकाली उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ५** : हाम्रो बढ्दै गरेको क्षमतालाई नराम्रो असर नपर्ने गरी मार्गदर्शन प्रदान गर्न बाबुआमा/अभिभावक, परिवारको अधिकार तथा कर्तव्यलाई राज्यले सम्मान गर्नुपर्छ ।




विजय आले, विन्ध्यवासिनी उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ६** : हाम्रो दीर्घ जीवन र विकासको लागि राज्यले यथासम्भव बढीभन्दा बढी प्रयास गर्नुपर्छ ।




समल सुवेदी, कालिका उच्च मा.वि.




ग्रिष बलाल, बालमन्दिर उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ७** : हाम्रो जन्मको दर्ता हुनु, नाम राख्न पाउनु र देशको नागरिक हो भनेर चिनिन पाउनुका साथै जन्म दिने बाबुआमा चिन्न र उनीहरूबाट स्याहार पाउनु हाम्रो अधिकार हो ।



सौराज रानाभाट, पर्स्याङ बाल क्लब

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ८** : राज्यले हाम्रो नाम, राष्ट्रियता, पारिवारिक सम्बन्ध र परिचयको अधिकार जोगाई दिनुपर्छ ।



सुमित्रा बि.क., बिन्ध्यवासिनी उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ९** : परिवारसँग बस्न पाउनु हाम्रो अधिकार भएकाले हेलाँ र दुर्व्यवहार गरेको अवस्थामा बाहेक अरु कारणले हामीलाई परिवारबाट अलग्याउन पाइँदैन ।




भिम बहादुर नेपाली, भद्रकाली उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १०** : हामी र हाम्रा बाबुआमा छुट्टा-छुट्टै देशमा बसेको अवस्थामा हामीलाई ती देशहरूमा भेटघाटको लागि आवातजावात गर्न दिनुपर्छ ।




सुजन पौडेल, नवीन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ११** : हामीलाई हाम्रो देशबाट झुक्याई, ललाईफकाई विदेश लैजान पाइँदैन र त्यसरी विदेश पुऱ्याईएमा पनि देशले फिर्ता ल्याउन प्रयास गर्नुपर्छ ।




प्रशान्त नेपाली, धर्मस्थली नि.मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १२** : हामीसँग सम्बन्धित कुनै पनि विषयमा हामीलाई निर्धक्कसँग आफ्नो विचार राख्न र हाम्रो उमेर र क्षमताअनुसार हाम्रा विचारहरूलाई उचित महत्त्व दिनुपर्छ ।




निशा सुनार, नवीन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १३** : हामीले अरुको अधिकार हनन नहुने गरी सूचना प्राप्त गर्ने वा दिने र आफ्नो विचारलाई बोलेर, लेखेर, चित्र बनाएर र अन्य तरिकाले अभिव्यक्त गर्न पाउनुपर्छ ।



जेनिशा पौडेल, छोरेपाटन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १४** : हामीलाई स्वतन्त्र किसिमले सोचविचार गर्ने र धर्म मान्ने अधिकार छ र यसका लागि हामीलाई सही बाटो देखाउनु अभिभावकको अधिकार र कर्तव्य दुवै हो ।




हरीमाया गौतम, बाराही उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १५** : अरुलाई हानीनोक्सानी नहुने गरी आफ्नो सङ्गठन खोल्ने र शान्तिपूर्ण रूपमा भेला हुने अधिकार हामीलाई छ ।




सम्झना तामाङ, रत्न नि.मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १६** : हामी र हाम्रो परिवारको इज्जत, मान-मर्यादा र अन्य व्यक्तिगत कुराहरूमा कसैले पनि नचाहिँदो खोजीनीति र खुलासा गर्न पाउँदैन ।




इन्द्रोस रन्जन, बालोदय उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १७** : महत्त्वपूर्ण सूचना तथा जानकारीहरू हामीले बुझ्ने गरी विभिन्न सञ्चार माध्यमबाट प्राप्त गर्ने हाम्रो अधिकार हो तर हाम्रो अहित हुने खालका सामग्रीको प्रशारण गरिनुहुँदैन ।



संगीत तिवारी, टप्स उच्च मा.वि.



लिजा श्रेष्ठ, केफ उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १८** : हाम्रो लालनपालनको पहिलो जिम्मेवारी हाम्रै बाबुआमा/अभिभावकको हुन्छ तर सो कार्यमा आवश्यकता अनुसार राज्यले हाम्रा अभिभावकलाई सहयोग गर्नुपर्दछ ।



वाशुदेव तामाङ, विन्ध्यवासिनी उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा १९** : हामीलाई हाम्रा अभिभावक वा अरु कसैले गर्ने र गर्नसक्ने नराम्रो व्यवहार, वेवास्ता, हिंसाबाट संरक्षण पाउने अधिकार छ ।



अञ्जली जैसवाल, जनप्रिय उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २०** : हाम्रो आफ्नै परिवार नभएमा देशबाट विशेष संरक्षण र सहयोग पाउनु हाम्रो अधिकार हो ।





रविन नेपाली, कालिक उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २१** : देशभित्र वा विदेशमा हामीलाई धर्मपुत्री वा धर्मपुत्रका रूपमा लिइएको अवस्थामा के गर्दा हाम्रो हित हुन्छ त्यो कुरालाई राज्यले महत्त्व दिनुपर्छ ।



सुवन्त पौडेल, अमरसिंह उच्च मा.वि.



जगदिश श्रेष्ठ, बालमन्दिर उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २२** : शरणार्थी बालबालिकालाई विशेष संरक्षण र सहयोगको व्यवस्था गरिनु पर्छ ।




अविनाश अधिकारी, बालमन्दिर उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २३** : हामीमा कुनै पनि प्रकारको अपाङ्गता भएमा स्वावलम्बी र सक्रिय जीवनयापनका लागि विशेष स्याहार र सहयोग पाउनुपर्छ ।



केशु भुजेल

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २४** : हामीले निरोगी भएर बाँच्न, राम्रो र भरपर्दो स्वास्थ्य उपचार, शुद्ध पिउने पानी, पोषिलो खाना र स्वच्छ वातावरण पाउनुपर्छ ।



निशा राना, सहारा बाल नि.मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २५** : हाम्रो हेरचाह, संरक्षण वा उपचारका लागि हामीलाई घरबाट अलग्गै राखिएको छ भने ती ठाउँहरूमा हामीलाई कस्तो व्यवहार गरिएको छ भन्ने कुराको नियमित रूपमा जाँच गर्नुपर्छ ।



सुदिप बि.क., स्टार चिल्ड्रेन, कास्की

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २६** : राज्यले उपयुक्त कानून बनाई हामीलाई सामाजिक सुरक्षाको सुविधा प्रदान गर्नुपर्दछ ।



सुजन रामदाम, शुक्रराज उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २७** : राज्यले हाम्रो शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तर सुनिश्चित गर्न हाम्रा अभिभावकलाई सहयोग गर्नुपर्छ ।




भिम बहादुर नेपाली, भद्रकाली उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २८** : शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको समान अधिकार हो र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क उपलब्ध गराउनु राज्यको दायित्व हो, भने बालबालिकाको क्षमताअनुसार माथिल्लो तहको शिक्षा प्राप्त गर्न प्रोत्साहन गर्नुपर्दछ ।



सौगात लामिछाने, शिशु निकेतन उच्च मा.वि.




अभिषेक पौडेल, शिशु निकेतन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा २९** : हामीले पाउने शिक्षा हाम्रो व्यक्तित्व र क्षमता विकास गर्ने तर्फ, सक्रिय वयस्क जीवन बिताउन हामीलाई तयार गर्ने तर्फ, मानवअधिकारका साथै आफ्नो र अरुको सांस्कृतिक र राष्ट्रिय मूल्यहरू प्रति सम्मानको भावना जागृत गर्ने तर्फ लक्षित हुनुपर्छ ।



कृष्ण थापा, अमरसिंह उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३०** : हामीहरूले देशका धेरै मान्छेले बोल्ने भाषा नबोले पनि वा हामीले अर्कै धर्म मान्ने भए पनि हामीलाई आफ्नो संस्कृतिमा रम्ने र आफ्नै भाषा, धर्म प्रयोग गर्न पाउने अधिकार हुन्छ ।




आदेश राई, नवप्रभात मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३१** : हामीलाई उमेर अनुसार खेल्ने, रमाउने, आराम गर्ने तथा विभिन्न कलात्मक गतिविधिमा भाग लिने अधिकार हुन्छ ।




जेनिशा पौडेल, छोरेपाटन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३२** : हामीलाई स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने खालको काममा लगाउन पाइँदैन ।



श्रीमाया गुरुङ, स्टार चिल्ड्रेन, कास्की

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३३** : हामीलाई लागू पदार्थ बनाउने, प्रयोग गर्ने, किनबेच गर्नेजस्ता काममा लगाउनबाट संरक्षण गरिनुपर्दछ ।




गणेश थापा, नमस्ते चिल्ड्रेन हाउस



दृष्टि गुरुङ, टप्स उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३४** : यौनव्यवसाय वा अश्लिल चित्रणमा संलग्नता लगायतका यौन शोषण र दुर्व्यवहारबाट संरक्षण पाउनु हाम्रो अधिकार हो ।





मनोज तामाङ, नवीन उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३५** : बेखबिखन, ओसारपोसार र अपहरणबाट जोगिन पाउनु हाम्रो अधिकार हो ।



राजकुमार खड्का, अमरसिंह उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३६** : हाम्रो कुभलो हुने र विकासमा असर पुऱ्याउने कुनै पनि किसिमको शोषणबाट सुरक्षित हुन पाउनु हाम्रो अधिकार हो ।



सरस्वती थापा मगर, धर्मस्थली नि.मा.वि.




अनिशा पौडेल, बाराही उच्च मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३७** : हामीबाट कानूनको उल्लङ्घन भएमा यातना, क्रुर व्यवहार, आजीवन कारावास जस्ता सजाय दिनुहुँदैन, हामीलाई ठूलो मान्छेसँगै थुनामा राख्नु हुँदैन र परिवारसँग भेट्न दिनुपर्छ ।



खेम भुजेल, नवप्रभात मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३८** : हामीलाई सेना, प्रहरी लगायतका सशस्त्र समूहमा भर्ना गर्नु हुँदैन, कुनै पनि युद्ध वा द्वन्द्वबाट टाढै राख्नु पर्छ र त्यस्ता गतिविधिबाट प्रभावित भएमा उचित संरक्षण गर्नुपर्दछ ।



विशाल गुरुङ, धर्मस्थली नि.मा.वि.

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ३९** : सशस्त्र सङ्घर्ष, यातना, हेलाँ, दुर्व्यवहार र शोषणबाट पीडित भएमा हामीलाई स-सम्मान सामाजिक पुन:स्थापनाको व्यवस्था गरिनुपर्दछ ।



सागर सिग्देल, स्टार चिल्ड्रेन, कास्की

**बालअधिकारसम्बन्धी महासन्धी १९८९- धारा ४०** : हामीबाट कुनै कानून मिच्ने गल्ती हुन पुगेमा सजिलै र निःशुल्क कानूनी सहायता पाउनु हाम्रो अधिकार हो ।

खण्ड - ६

# बालअधिकार शिक्षा रेडियो कार्यक्रम

राईट फर चिल्ड्रेनले बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कास्की जिल्लाका २० वटा सामुदायिक विद्यालय र ती विद्यालयका बालक्लबको सहकार्यमा 'मिलिजुली बोलौं' नामक साप्ताहिक रेडियो कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमको मुख्य उद्देश्य बालबालिका स्वयम्, अभिभावक, शिक्षक, समुदाय लगायत सम्बन्धित सबैमा बालअधिकार शिक्षासम्बन्धी सचेतना अभिबृद्धि गर्न र बालअधिकारको पक्षमा वकालत गर्नु हो । 'मिलिजुली बोलौं' रेडियो कार्यक्रम २०७१ कार्तिक ०७ गतेदेखि पोखराका पाँचवटा एफ.एम.हरूबाट नियमित रूपमा प्रशारण हुँदै आइरहेको छ । यस रेडियो कार्यक्रममा बालबालिका प्रत्यक्ष सहभागी भएर आफूले देखेका वा भोगेका बालबालिकासम्बन्धी सवालहरूलाई नाटक, अन्तर्वार्ता, समाचार, लेख रचना, अन्तर्क्रिया आदिको माध्यमबाट उठान गर्ने गर्दछन् । २०७१ फागुन २२ गतेसम्म प्रसारित 'मिलिजुली बोलौं' रेडियो कार्यक्रमको प्रथम २० भागहरूलाई समेटेर तयार पारिएको सि.डि. यस चित्र पुस्तिकासँगै संलग्न गरिएको छ ।

## सि.डि.मा समावेश रेडियो कार्यक्रमका २० भागको विवरण

| | | |
|---|---|---|
| भाग १ | - | तिहार |
| भाग २ | - | अभिभावकीय हेरचाह |
| भाग ३ | - | खेलको अधिकार |
| भाग ४ | - | बालश्रम |
| भाग ५ | - | अन्तर्राष्ट्रिय बालअधिकार दिवस |
| भाग ६ | - | आवश्यकता र चाहना |
| भाग७ | - | बालक्लब व्यवस्थापन |
| भाग ८ | - | अधिकार र कर्तव्य |
| भाग ९ | - | भेदभाव |
| भाग १० | - | सर्वोत्तम हित |
| भाग ११ | - | बाँच्न पाउने अधिकार |
| भाग १२ | - | सडक बालबालिका |
| भाग १३ | - | बालबिबाह |
| भाग १४ | - | लागू औषध दुर्व्यसन |
| भाग १५ | - | बेचबिखन |
| भाग १६ | - | बालसहभागिता |
| भाग १७ | - | बालमैत्री विद्यालय |
| भाग १८ | - | शिक्षाको अधिकार |
| भाग १९ | - | बाल दुर्व्यवहार |
| भाग २० | - | सूचना र प्रविधि |

सिडि कभर राख्ने



ग्रिष बलाल, बालमन्दिर उच्च मा.वि.